# छत्रदेव जनस्वास्थ्य गतिविधी


छत्रदेव गाउँपालिका स्वास्थ्य शाखाद्धारा २०८१ असार महिनामा सञ्चालित गतिविधिहरुको संगालो

वर्ष: २ अंक: १ महिना: श्रावण


## यस सामग्रीमा समावेश भएका विषयवस्तुहरु:


१. २०८१ असार महिनामा प्रदान गरिएको सेवा सम्बन्धी विवरण
२. २०८१ असार महिनामा सञ्चालित क्रियाकलापहरुको विवरण
३. क्षयरोग मुक्त अभियान नेपाल अन्तर्गत स्वयंसेवकहरुको तालिम सम्बन्धी सामग्री,
४. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुका लागि नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न सम्बन्धी सामग्री
५. स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्डको फलोअप मूल्याङ्कन सम्बन्धी सामग्री,
६. म.स्वा.से. वार्षिक समिक्षा सम्बन्धी सामग्री,
७. सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि आधारभूत तालिम सम्पन्न,
८. पूर्णखोप सुनिश्चितता घोषणा सम्बन्धी सामग्री,


## २०८१ असार महिनामा छत्रदेव गाउँपालिका स्वास्थ्य शाखा द्वारा सञ्चालित क्रियाकलापहरु

१. स्वास्थ्य संस्थाहरुको मासिक समिक्षा बैठक सम्पन्न
२. क्षयरोग मुक्त अभियान नेपाल अन्तर्गत स्वयंसेवकहरुको तालिम सम्पन्न,
३. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुका लागि नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न,
४. स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्डको फलोअप मूल्याङ्कन सम्पन्न,
५. म.स्वा.से. वार्षिक समिक्षा कार्यक्रम सम्पन्न,
६. सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि आधारभूत तालिम सम्पन्न,
७. गाउँपालिका पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम सम्पन्न,

## स्वास्थ्य संस्थाहरुको मासिक समिक्षा बैठक सम्पन्न

छत्रदेव गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था प्रमुखहरुको सहभागिता तथा स्वास्थ्य शाखा प्रमुखको अध्यक्षतामा असार महिनाको मासिक समिक्षा बैठक २०८१ असार ९ गते सम्पन्न भएको थियो । बैठकमा असार महिनामा स्वास्थ्य संस्थाहरुमा सञ्चालित क्रियाकलापहरुको समिक्षा गरिएको थियो । स्वास्थ्य संस्थाहरुले DHIS2 मा तथ्याङ्क प्रविष्टी गर्ने कार्य पुरा गरेकोले तथ्याङ्कमा देखिएका समस्याहरुको बारेमा छलफल गर्नुको साथै कमजोरीहरुको सुधारका लागि पृष्ठपोषण लिने दिने कार्य गरिएको थियो ।

## क्षयरोग मुक्त अभियान नेपाल अन्तर्गत स्वयंसेवकहरुको तालिम सम्पन्न:

क्षयरोग नेपालका प्रमुख जनस्वास्थ्य समस्याहरु मध्ये एक समस्या हो । कमजोर आर्थिक अवस्था, चेतना तथा तथ्य ज्ञानको कमी, स्वास्थ्य सेवाको पहुँचको कमी तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने सेवाहरुको वारेमा समुदायमा जानाकारीको कमी जस्ता कारणले क्षयरोग समुदायमा व्याप्त छ । समुदायमा क्षयरोगका संक्रमित व्यक्तिहरु लामो समय सम्म लुकेर रहन सक्ने तथा परीक्षणको अभावमा निदान नहुदा उनिहरुको उचित उपचार नभई कमजोर अवस्थामा पुगेपछि मात्र निदान हुँदा धेरैले यस रोगको कारण ज्यान गुमाइ रहेका छन । समयमा निदान तथा उपचार हुन नसक्दा उनिहरुबाट रोगको निदान हुनु पुर्वनै धेरै मानिसलाई सार्न सक्ने र यो रोग समुदायमा भित्र भित्रै फैलिरहेको हुने भएकोले समुदायमा लुकेर रहेका क्षयरोगीको निदान गरी उपचारमा ल्याउने प्रयास गरिन्छ ।

आर्थिक वर्ष २०७५/०७६ मा सम्पन्न क्षयरोग प्रिभ्यालेन्स सर्भेक्षणको नतिजा अनुसार वार्षिक रुपमा नयाँ विरामी ६९०००(२४५/१००००० जनसंख्यामा) थपिने गरेको तथ्य सार्वजनिक भएको तर यस अघी वार्षिक रुपमा ४४००० नयाँ क्षयरोगका विरामी हुने अनुमान गरिएको थियो । तर करिव २७००० क्षयरोगका विरामी वार्षिक रुपमा पत्ता लागि उपचारको दायरामा आएको पाइएको छ भने वार्षिक रुपमा १७००० मानिसको ज्यान क्षयरोगको कारण जाने गरेको तथ्याङ्क रहेको छ ।

प्रिभ्यालेन्स सर्भेक्षणको नतिजा अनुसार वार्षिक अनुमानित क्षयरोगी संख्या र रोग पत्ता लागि उपचारमा आउने गरेको संख्या लाई हेर्दा करिव

६० प्रतिशत सम्भावित क्षयरोग प्रभावित व्यक्तिहरुको रोग पत्ता लगाई उपचारको दायरामा ल्याउनु राष्ट्रिय क्षयरोग कार्यक्रमको चुनौती रहेको छ । यस अवस्थालाई मनन् गरी नेपाल सरकारले नविनतम क्रियाकलापहरु समावेश गरी राष्ट्रिय रणनीतिक योजना २०७८/०७९ – २०८२/०८३ तयार गरी कार्यन्वयनमा आएको छ । यिनै नविनतम क्रियाकलाप मध्ये क्षयरोग मुक्त नेपाल अभियान पनि एक हो ।

यस मार्फत स्थानीय तहलाई जवाफदेही बनाउँदै उल्लेखित चुनौतीलाई सामना गर्न सहयोगी सिद्ध हुन गई नेपाल सरकारले आत्मसात गरेको सन् २०५० भित्रमा क्षयरोगलाई प्रति दश लाख जनसंख्यामा एक जना भन्दा कममा ल्याउने नेपाल सरकारको सोंच रहेको छ । स्थानीय तहमा गहन रुपमा क्षयरोग पहिचान, निदान, रोकथाम, उपचार, हेरचाह तथा सहयोग सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्न वाञ्छनीय भएकोले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ (मापदण्ड, निर्देशिका वा कार्यविधि बनाउने अधिकारःमन्त्रालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यक मापदण्ड वा निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ) ले दिएको अधिकार प्रयोग गरी सन् २०५० सम्ममा क्षयरोगलाई प्रति दश लाख जनसंख्यामा १ जना भन्दा कम ल्याउने अर्थात क्षयरोग मुक्त नेपाल निर्माण गर्ने दीर्घकालिन सोंच अनुसार क्षयरोग मुक्त नेपाल अभियान सञ्चालन निर्देशिका, २०७८ जारी भई कार्यन्वयनमा आएको र सोही निर्देशिकाले निर्दिष्ट गरेको वडा स्तरीय क्षयरोग मुक्त अभियान समिति निर्माण गरी क्षयरोग मुक्त नेपाल अभियानलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न वडा स्तरीय सूक्ष्मयोजनाको निर्माण गरिएको र उक्त योजनाको प्रभावकारी कार्यन्वयनका लागि छनोट भएका स्वयंसेवकहरुको दक्षता अभिबृद्धि गरी परिचालन गर्ने उद्धेश्यले यस कार्यक्रमको आयोजना गरिएको हो ।

क्षयरोग मुक्त नेपाल अभियान सञ्चालन निर्देशिका, २०७८ ले निर्धारण गरेको वडा स्तरीय क्षयरोग मुक्त अभियान समिति बाट बनेको शुक्ष्मयोजनाको प्रभावकारी कार्यन्वयनका लागि आयोजना गरिएको उक्त कार्यक्रममा गाउँपालिका छत्रदेव गाउँपालिकामा सम्पन्न भएको थियो कार्यक्रम उद्घाटन शत्र र प्राविधिक शत्र गरी दुई शत्रमा दुई दिन सम्म सञ्चालन भएको थियो । उद्घाटन शत्र गाउँपालिका अध्यक्षको अध्यक्षता, क्षयरोग मुक्त अभियान संयोजक अस्मिता घिमिरेको सञ्चालन तथा स्टाफनर्स स्मृति गौतमको स्वागत मन्तव्यबाट अघी बढेको थियो ।

कार्यक्रमको दोश्रो शत्रमा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट छनोट भई सिफारिस भएका स्वयंसेवकहरुको सहभागिता






रहेको थियो भने मुख्य सहजकर्ताको रुपमा स्वास्थ्य शाखा प्रमुख बुद्धि राम न्यौपाने र सहजकर्ताको रुपमा अस्मिता घिमिरेले सहजिकरण गर्नुभएको थियो । कार्यक्रममा क्षयरोगको इतिहास, यसको इपिडिमियोलोजी, विश्व र नेपालमा यसको अवस्था, क्षयरोग मुक्त अभियान सञ्चालन गर्नुको औचित्य, अभियान सञ्चालनको प्रक्रिया वा अभियानमा सञ्चालन गरिने क्रियाकलाप, अवसर तथा चुनौती, क्षयरोग मुक्त अभियान स्वयंसेवकहरुको भुमिका आदिको विषयमा सहजीकरण, छलफल तथा अन्तरक्रिया गरिएको थियो ।

## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुका लागि नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्नः

एक व्यक्तिबाट अर्कोमा प्रायः नसर्ने रोगलाई नसर्ने रोग भनिन्छ । यस्ता रोगहरू शरीरको आन्तरिक प्रक्रियामा गडबडी वा असन्तुलन हुँदा देखा पर्छन् । नसर्ने रोगहरू प्रायः व्यक्तिको जीवनशैली, आनीबानी, व्यवहार, मानसिक असन्तुलन, हार्मोनको असन्तुलन, खानपिन जस्ता विभिन्न कारणले देखा पर्छन् । यस्ता रोगहरू कहिलेकाहीं वंशाणुगत कारणले सर्ने गर्छन् । नसर्ने रोगहरू प्रायः दीर्घ (क्रोनिक) प्रकारका हुन्छन् । जस्तै- क्यान्सर, मधुमेह, पत्थरी, एक व्यक्तिबाट अर्कोमा प्रायः नसर्ने रोगलाई नसर्ने रोग भनिन्छ । यस्ता रोगहरू शरीरको आन्तरिक प्रक्रियामा गडबडी वा असन्तुलन हुँदा देखा पर्छन् । नसर्ने रोगहरू प्रायः व्यक्तिको जीवनशैली, आनीबानी, व्यवहार, मानसिक असन्तुलन, हार्मोनको असन्तुलन, खानपिन जस्ता विभिन्न कारणले देखा पर्छन् । यस्ता रोगहरू कहिलेकाहीं वंशाणुगत कारणले सर्ने गर्छन् । नसर्ने रोगहरू प्रायः दीर्घ (क्रोनिक) प्रकारका हुन्छन् । जस्तै- क्यान्सर, मधुमेह, ग्यास्ट्राइटिस, अम्लपित्त, उच्च रक्तचाप, मुटुका रोगहरू, मिर्गौलाका रोगहरू, हाडजोर्नी तथा नसासम्बन्धी रोगहरू, बाथ, मानसिक रोगहरू, चोटपटक र दुर्घटनाका कारण हुने अशक्तता आदि नसर्ने रोगका उदाहरण हुन् ।

## महिला सामुदायिक स्वास्थ्य.........

अहिले संसारमा सर्ने रोगको समस्या कम हुँदै गइरहेको र नसर्ने रोगको व्यापकता तथा जोखिम निरन्तर बढ्दै गइरहेको अवस्था छ। नेपालमा समेत विभिन्न समयमा भएका अध्ययन तथा अनुसन्धानले नसर्ने रोगको व्यापकतासँगै भयावह अवस्था आउन सक्ने चेतावनी दिएका छन्। सबैभन्दा बढी समस्या मुटुसम्बन्धी समस्या वा हृदयघात, दोस्रोमा क्यान्सर, तेस्रोमा श्वासप्रश्वाससम्बन्धी समस्या र चौथोमा मधुमेह रोगको समस्या नेपालका पनि प्रमुख नसर्ने रोगका चुनौतीका रुपमा देखापरेका छन्।

नसर्ने रोग तथा मानसिक स्वास्थ्य कार्यक्रम आम जन समुदाय सम्म पुर्‍याई जनचेतना अभिबृद्धि गर्नका लागि नसर्ने रोग तथा मानसिक स्वास्थयका सम्बन्धमा सामुदायिक महिला महिला स्वास्थ्य स्वयंसेविका लाई बढ्दो नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखिकरण गरी समुदायमा नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी जनतेतना अभिबृद्धि गर्ने उद्धेश्यले यस कार्यक्रमको आयोजना गरिएको हो।



ठूलापोखरा स्वास्थ्य चौकी अन्तर्गतका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सहभागिता गराई ठूलापोखरा स्वास्थ्य चौकीमा सम्पन्न कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख बुद्धि राम न्यौपाने, ठूलापोखरा स्वास्थ्य चौकी प्रमुख विश्वदेव न्यौपाने समेतको सहजीकरणमा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन राम बहादुर परियारले गर्नु भएको थियो। कार्यक्रममा नसर्ने रोग तथा मानसिक स्वास्थ्यको बारेमा जानकारी गराउनुको साथै अन्तरक्रिया गरिएको थियो।

## स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्डको फलोअप मूल्याङ्कन सम्पन्नः

आधारभुत स्वास्थ्य सेवा प्राप्त गर्न पाउनु जनताको मौलिक हकको रुपमा नेपालको संविधानले स्वीकार गरेको छ। निश्चित मापदण्ड पुरा गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न विभिन्न कुराहरुले प्रभाव पारेका हुन्छन। स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, जनशक्ति व्यवस्थापन, उपकरणहरुको उपलब्धता तथा प्रयोग सामुदायिक सहभागिता आदि कुराहरुले प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव

## स्वास्थ्य चौकीको न्यूनतम ..........

पारेका हुन्छन। सुरक्षित एवं गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि आधारभुत कुराहरुको उपलब्धताले न्यूनतम मापदण्ड भित्र रहेर सेवा प्रदान गर्न सकिन्छ।

स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न, सेवाग्राहीको विश्वास जित्न र सेवा प्रदायक तथा सेवाग्राहीले सुरक्षित महसुस गर्ने गरी सेवाग्राहीको गोपनियता समेत कायम हुने गरी सेवा प्रदान गर्ने वातावरण निर्माण गर्ने कार्य स्थानीय स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी, स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारी साथै स्वास्थ्य शाखाको प्रयासले मात्र सम्भव नहुने भएकोले सबै पक्षको सहयोग जुटाउनु पर्ने हुन्छ।

स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा प्रभाव पार्ने आधारभुत कुराहरुको व्यवस्थापन गर्ने तथा अनुगमन र सुपरीभेक्षण गर्ने कार्य स्थानीय सरकार तथा स्थानीय तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुदृढिकरण समितिको महत्वपूर्ण भुमिका हुने भएकोले उक्त समितिलाई कार्यक्रमको बारेमा जानाकारी गराए पश्चात स्थानीय तह, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र स्वास्थ्य कर्मीहरु द्धारा स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्डको मापन गरी स्कोर बोर्डमा उल्लेख गरी थप सुधारका लागि सहयोग तथा लगानी बृद्धि गर्न सहयोग पुग्ने उद्धेश्यले छत्रदेव गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा सम्बन्धित स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्षहरु साथै स्वास्थ्यकर्मीहरुको सहभागितामा यस कार्यक्रमको आयोजना गरिएको हो।

स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्षहरु तथा स्थानीय स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई स्थानीय स्वास्थ्य संस्थामै सहभागी गराई एक/एक दिन स्थानीय तह, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्षहरु र स्वास्थ्य संस्थाका कर्मचारीहरुले स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड चेक लिस्टको प्रयोग गरी स्वास्थ्य संस्थाको संयुक्त मूल्याङ्कन गरी थप सुधारका लागि कार्ययोजना निर्माण गर्नुको साथै सुधारका लागि प्रतिबद्धता समेत जाहेर भएको थियो।

छत्रदेव गाउँपालिका स्वास्थ्य शाखा प्रमुख बुद्धि राम न्यौपानेको सहजिकरणमा सञ्चालन गरिएको उक्त कार्यक्रम छत्रदेव गाउँपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थामा सञ्चालन गरिएको थियो। कार्यक्रम सञ्चालन गर्नु पुर्व सम्बन्धित स्वास्थ्य संस्था संग समन्वय गरी कार्यक्रम सञ्चालन हुने सम्बन्धमा जानकारी गराइएको थियो।

## सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि आधारभूत तालिम सम्पन्नः

स्वास्थ्य कार्यालय अर्घाखाँचीको आयोजना तथा छत्रदेव गाउँपालिकाको सहजीकरणमा गाउँपालिका अन्तर्गतका आधारभूत तालिम नलिएका ११ जना सामुदायिक महिला स्वास्थ्य संवयंसेविकाहरुका लागि १० दिने आधारभूत तालिम समपन्न भएको छ। असार १२ गते सुरु भएको उक्त तालिम असार २२ मा समपन्न भएको थियो। कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख बुद्धि राम न्यौपाने लगायत गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था प्रमुख तथा अन्य स्वास्थ्यकर्मीहरु समेतले सहजीकरण गरेको कार्यक्रममा सहभागीहरुका लागि गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठ तथा उपाध्यक्ष मनी पन्थीले प्रमाण पत्र प्रदान गर्नु भएको थियो।



यस सङ्गै गाउँपालिकामा हाल कार्यरत सबै सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरु आधारभूत तालिम प्राप्त भएका छन। तालिमले समूदाय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सेवा प्रदान गर्न सहज हुने विश्वास लिइएको छ।

## छत्रदेव गाउँपालिकामा पुर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम सम्पन्नः

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्राथमिकतामा राखेका कार्यक्रमहरु मध्ये पहिलो प्राथमिकतामा पर्ने कार्यक्रम खोप कार्यक्रम हो। यस कार्यक्रमको प्रभावले नेपालमा हाल सम्म खोपबाट बचारउन सकिने कतिपय रोगहरु उन्मुलन भएका, कतिपय रोगहरु निवारण गरिएका र कतिपय रोगहरु नियन्त्रणमा रहेका छन। बहुवर्षिय खोप योजना २०१७ देखि २०२१ ले नेपालमा खोपबाट बचाउन सकिने रोगहरुलाई शुन्य अवस्थामा पुऱ्याउने दुरदृष्टी राखेको छ भने राष्ट्रिय खोप कार्यक्रम मार्फत तोकिएका सबै खोपहरु समतामुलक रुपमा सबैको पहुँचमा हुने गरी प्रत्येक बालबालिका र गर्भवती महिलालाई गुणस्तरीय, सुरक्षित र सर्वसुलभ खोप सेवा निरन्तर रुपमा प्रदान गर्ने ध्येयका साथ सञ्चालित यस कार्यक्रमको लक्ष खोपबाट बचाउन सकिने रोग लाग्ने दर, अपाङ्गता दर र मृत्युदरलाई कम गर्ने लक्ष रहेको छ।

## छत्रदेव गाउँपालिकामा पुर्णखोप ...........

२०३४ सालमा विफर रोगको उन्मुलन संगै राष्ट्रिय खोप कार्यक्रमको सुरुवात भएको र समयक्रम संगै यसको विकास हुँदै आएको पाईन्छ। समयक्रम संगै समुदायमा नयाँ रऊहरु देखापर्ने र रोगको प्रबृतिमा समेत परिवर्तन आए अनुरुन नयाँ नयाँ खोपको बिकास एवं प्रयोग हुने र नेपालको राष्ट्रिय खोप तालिकामा समावेश हुन क्रम रहेको छ। खोपबाट बचाउन सकिने रोगहरुको विरुद्ध राष्ट्रय खोप तालिका अनुसारका सबै खोपको सबै मात्रा लक्षित बालबालिका तथा गर्भवती महिलाहरुलाई प्रदान गर्ने र पूर्णखोप घोषण तथा सुनिश्चितता गर्ने नीति नेपाल सरकारले अवलम्बन गरेको छ। खोपको बिकासक्रम एवं नेपालको राजनैनिक परिवर्तनले आधारभुत स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपमा लिदै खोप सेवालाई पनि आधारभूत स्वास्थ्य सेवा अन्तर्गत राखेको छ।

यसै अनुरुप खोप सेवालाई राष्ट्रिय खोप तालिका बमोजिम नियमित रुपमा सञ्चालन गरी हरेक बालबालिकालाई उमेर अनुसार सबै खोपको सबै मात्रा प्रदान गरी पूर्ण खोप सुनिश्चित गर्ने कार्य छत्रदेव गाउँपालिकामा पनि बिगत देखि हुँदै आएकोमा नियमित खोप कार्यक्रम संचालन भईरहेको अवस्थामा कार्यक्रमको प्रभावकारीता थाहा पाउन तथा थप प्रभावकारी बनाउन गर्नुपर्ने सुधारात्मक उपायहरुको खोजी गर्न र कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रमको प्रभावकारीता थाहा पाउन समिक्षा गर्ने, पूर्ण खोप सुनिश्चित गर्नका लागि तयार गरिएको शुक्षमयोजनाको कार्यन्वयन गरी गाउँपालिकालाई पूर्णखोप निर्देशिकाले निर्देशित गरेका क्रियाकलापहरु सञ्चालन गरी पूर्णखोप सुनिश्चितता घोषणा गरिएको हो।



गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठले एक विशेष समारोहमा गाउँपालिकालाई पुर्णखोप सुनिश्चित भएको घोषणा गर्नु भएको थियो। कार्यक्रममा गाउँपालिकालाई पुर्णखोप सुनिश्चित गर्न सहयोग गरेको भनि सबै सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्यकर्मीहरुको तर्फबाट वडा स्तरीय खोप समन्वय समितिका अध्यक्ष तथा स्वास्थ्य संस्था प्रमुखहरुलाई सम्मान समेत गरिएको थियो।

## छत्रदेव गाउँपालिका तथा मातहतका निकायहरुबाट २०८० असार महिनामा प्रदान गरिएका सेवा सम्बन्धी विवरण

| क्र.सं. | विवरण | सेवाग्राहीको संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | नयाँ सेवाग्राही | ९७२ | ७१९ | १६९१ | |
| २ | जम्मा सेवाग्राही/नयाँ तथा पुरानो | २०९८ | १४६५ | ३५६३ | |
| ३ | किशोर किशोरी सेवाग्राही संख्या | १९८ | ११२ | ३१० | |
| ४ | ज्येष्ठ नागरिक सेवाग्राही | ६४७ | ६३४ | १२८१ | |
| ५ | बहिरंग सेवाका सेवा ग्राही नयाँ | १४०० | ९४३ | २३४३ | |
| ६ | बहिरंग सेवाका सेवा ग्राही पुरानो | ९४२ | ७२५ | १६६७ | |
| ७ | नियमित खोप सेवा प्रदान गरिएको | ९२ | १११ | २०३ | |
| ८ | पूर्ण खोप पाएका बालबालिका | १२ | १३ | २५ | |
| ९ | बृद्धि अनुगमन गरेको नयाँ ०-२३ महिनाका बालबालिका | ८ | १३ | २१ | औषत भेट ११ पटक |
| १० | बृद्धि अनुगमन गरेको पुराना ०-२३ महिनाका बालबालिका | १७४ | १९५ | ३६९ | |
| ११ | कम तौल भएका बालबालिका संख्या | ० | ० | ० | |
| १२ | पहिलो पटक गर्भजाँच गरेको संख्या | २२ | | २२ | |
| १३ | प्रोटोकल बमोजिम चार पटक गर्भजाँच गरेको संख्या | १६ | | १६ | |
| १४ | २० बर्ष मुनिका गर्भवती संख्या | ४ | | ४ | |
| १५ | प्रोटोकल बमोजिम आठ पटक गर्भजाँच गरेको संख्या | २० | | २० | |
| १६ | स्वास्थ्य संस्थामा प्रसूती संख्या | ३ | | ३ | |
| १७ | स्वास्थ्य संस्थामा CB-IMNCI मा सेवा दिएको | ६१ | ६७ | १२८ | |
| १८ | कण्डम वितरण गोटा | | | ७५१० | CPR 36.97 % |
| १९ | प.नि. साधन नयाँ प्रयोगकर्ता | १६ | | १६ | |
| २० | प.नि. साधन नयाँ प्रयोगकर्ता <२० बर्ष | १ | | १ | |
| २१ | प.नि. साधन लगातार प्रयोगकर्ता | १११७ | १३८ | १२५५ | |
| २२ | यस महिनामा दर्ता भएका क्षयरोगी | ० | ० | ० | |
| २३ | यस महिनामा दर्ता भएका कुष्ठरोगी | १ | ० | १ | |
| २४ | गाउँघर क्लिनिक | | | १५९ | |
| २५ | म.स्वा.से. | | | १५१२ | |
| २६ | विपन्न नागरिक उपचार कोष सिफारिस | ० | ४ | ४ | |
| २७ | प्रदेश स्वास्थ्य उपचार विशेष सिफारिस | ३ | ३ | ६ | |
| २८ | अति असाध्य रोग राहत सिफारिस | ० | ० | ० | |

## तपाईंलाई थाहा छ ?



- जुन सुकै सुर्तीजन्य पदार्थहरु स्वास्थ्यका लागि हानिकारक हुन्छन् ।
- अहिलेको अवस्थामा हामी माफ चुरोटलाई मात्र हानिकारक हुन्छ भन्ने धारण रहेको छ ।
- तर सुर्तीजन्य पदार्थहरु जस्तै हुक्का, e-cigarette/vaping आदि जस्ता सुर्तीजन्य पदार्थहरु पनि धुम्रपान जतिकै स्वास्थ्यका लागि हानिकारक हुन्छन् ।




**सम्पादक:**

**बुद्धि राम न्यौपाने**

जनस्वास्थ्य नीरिक्षक

छत्रदेव गाउँपालिका



छत्रदेव गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## स्वास्थ्य शाखा

छत्रगञ्ज, अर्घाखाँची